# महालेखा परीक्षकको कार्यालय

**Office of the Auditor General**

(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: २०७४/७५
च.नं. १५४२

मिति: २०७४।१२।२५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
कमलामाई नगरपालिका,
सिन्धुली ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/८/१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन मिति २०७४/९/११ मा प्राप्त जवाफ, प्रमाण र प्रतिक्रिया समेतका आधारमा तयार गरिएको लेखापरीक्षण प्रतिवेदन पाना ४ यसैसाथ छ । प्रारम्भिक प्रतिवेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

दर्ता नं.: १०६४४
दर्ता मिति: १।१८

# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
कमलामाई नगरपालिका,सिन्धुली ।

**लेखापरीक्षण प्रतिवेदन**

यस कार्यालयबाट कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु.१ करोड ७४ लाख ६१ हजार कूल बेरुजू देखिएको छ । सोमध्ये असुल गनुपर्ने रु.१० लाख ३० हजार, नियमित गर्नु पर्ने रु.१ करोड ६३ लाख ३३ हजार र पेश्की रु.९८ हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्योहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

# कमलामाई नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ करोड ६० लाख ३४ हजार समेत रु.३५ करोड ६० लाख ८६ हजार आम्दानी भएकोमा रु.२९ करोड ४५ लाख १९ हजार खर्च भई रु.६ करोड १५ लाख ६७ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **वित्तीय जवाफदेहिता पालना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । सो सम्बन्धमा अध्ययन गर्दा आयोजनाको काम तोकिएको समयमा आंशिक रुपमा सम्पन्न गरेको, सम्भावित जोखिमहरु पहिचान नगरेको, सेवा प्रवाहमा वृद्ध तथा अपाङ्ग मैत्री नरहेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गरेको, स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको अवधिभित्रै आंशिक कार्यक्रम सम्पन्न गरेको, सञ्चालित कार्यक्रम तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी आंशिक रुपमा मात्र प्रतिवेदन तयार गर्ने गरेको छ । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **प्रशासनिक खर्चको हद** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको एक करोड रुपैयाँभन्दा बढी आम्दानी हुने नगरपालिकाको २५ प्रतिशतभन्दा बढी प्रशासनिक कार्यको लागि खर्च गर्न नपाइने व्यवस्था उल्लेख छ । यो वर्ष रु.२,३८,८२,२४९।- भएकोमा २५ प्रतिशतले हुन आउने रकम रु.५९,७०,५६२।- खर्च गर्नुपर्नेमा रु.१,४३,९३,१५४।- खर्च गरेको पाइयो । नियम विपरीत रु.८४,२२,५९२।- बढी खर्च लेखेको अनियमित भएकोछ । नियमको पालना गरी बजेटको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ ।

३. **बक्यौता रकम असुली** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७२(१),(२) र (४) मा बक्यौता रकम असुली सम्बन्धी व्यवस्था छ । विभिन्न व्यक्ति, संघ संस्थाबाट सम्झौता बमोजिम यस कार्यालयको स्वामित्वमा रहेको सटर, कोठा, घर भाडा बापतको रकम रु.७,२४,४५०।- हालसम्म असुल हुन नसकी बक्यौता रहेको छ । नियम सम्झौता बमोजिम बक्यौता असुली गर्नेतर्फ कार्यालयले ध्यान दिइनुपर्दछ ।

४. **धरौटी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी प्राप्ती, फिर्ता, सदरस्याहा र बाँकीको स्पष्ट देखिने धरौटी खाता राख्नुपर्नेमा राखेको पाइएन । धरौटी खाता अद्यावधिक गरी राखिनुपर्दछ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७१(१) बैंकबाट धरौटी खाताको बैंक स्टेटमेन्ट प्राप्त गरी स्रेस्ता बाँकी रकम बैकमा बाँकी रकम मासिक रुपमा भिडाई हिसाब मिलान गर्नुपर्दछ । यस कार्यालयको धरौटी बैक स्टेटमेन्टमा रु.३९,८०,४४५।- र श्रेस्ता अनुसार बाँकी रु.३९,६२,७२४।- देखिएकोले फरक पर्न गएको रकम रु.१७,७२१।- हिसाब मिलान हुनुपर्दछ ।

५. **राजस्व बाँडफाँड** - निकायको आर्थिक विवरणले एक निश्चित अवधिको आर्थिक क्रियाकलप सही र यथार्थ अवस्थाको चित्रण गर्नुपर्दछ । कार्यालयको यस शीर्षक अन्तर्गतको आर्थिक विवरणमा बाँकी रकम आर्थिक क्रियाकलप अनुसार हुनुपर्ने रु.८,४८,३३३।- भन्दा रु.८५,९९५।- घटी रु.७,६२,३३८।- देखाएकोछ । घटी बाँकी हुनुको आधार कार्यालयले पेश गर्नुपर्दछ ।

६. **सामजिक सुरक्षा** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार सुरक्षा वृत्ति पाउने नागरिकलाई बैक मार्फत वृत्ति उपलब्ध गराएकोमा वितरण पश्चात सम्बन्धित बैकमा बाँकी रहेको रकम रु.१,९१,५१८। सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

७. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृति गरे बाहेक प्रापकलाई अनुसूची-५ र ५(क) को ढाँचामा कर वीजक दिनुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर कार्यालयले रु.१,६१,९००।- भुक्तानीमा नियमावलीले गरेको व्यवस्थाको पालना नगरी रु.२१,०४७।- मूल्य अभिवृद्धि भुक्तानी गरेकोछ । उक्त भुक्तानीको मूल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्दछ ।

८. **जिन्सी** - कार्यालयले जनसेवा पुस्तकालय र नेपाल पत्रकार महासंघ सिन्धुलीलाई क्रमशः रु.३०,०००।- र रु.१,०९,४२६।- का विभिन्न प्रकारको फर्निचर सहयोग गरेकोमा ती फर्निचर सम्बन्धित निकायका जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

९. **खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४(२)(क) मा खर्च गर्दा रकम स्वीकृत बजेट, खर्च शीर्षक नं.मा परेमा र खर्च गर्न बाँकी भएमा खर्च गर्न सक्ने व्यवस्था छ । कार्यालयले विभिन्न रकम नं.मा स्वीकृत बजेटभन्दा रु.५८,१७,८७७।- बढी खर्च गरेको छ । स्वीकृत बजेटभन्दा बढी खर्च भएको रकम नियमसम्मत् भएन । स्वीकृत बजेट नं. अनुरुप खर्च गरेर कार्यालयले वित्तीय अनुशासन पालना गर्नुपर्दछ ।

१०. **विशेष भत्ता** - स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बूँदा नं.५(१)क) मा नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, (ख) मा क्षमता विकास खर्च, (ग) मा सामजिक परिचलान खर्च पाउने उल्लेख छ। केन्द्रिय चालु अनुदानबाट चैत्रदेखि अषाढसम्ममा विभिन्न कर्मचारीका विशेष भत्ता रु.३,९३,७८०।-, अन्य भत्ता रु.१,०९,२००।- र सञ्चार भत्ता रु.४३,२००।- भनी जम्मा रु.५,४६,१८०।- खर्च लेखेको छ। नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय गरी कार्यसम्पादनमा आधरित प्रोत्सहन भत्ता हो भन्ने कुरा पनि खुल्दैन। स्पष्ट आधार एवं कार्यविधि विना तथा स्थानीय आर्थिक प्रशासन नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा अन्य कार्यमा खर्च लेखेको रकम असुल उपर गर्नुपर्दछ। साथै यसभन्दा अघि उक्त उल्लेखित विशेष भत्ता, अन्य भत्ता र सञ्चार भत्तामा के कति भुक्तान भएको छ छानबिन गरी यकिन गरिनु पर्दछ।

११. **नर्म्सभन्दा बढी भुक्तानी** - अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक जिल्ला स्तरीय भएमा कार्यपत्त बापत रु.१,०००।- र कक्षा सञ्चालन गरेबापत रु.६००।- गरी जम्मा रु.१,६००।- भुक्तान गर्न सक्ने व्यवस्था छ। यस कार्यालयले महिला हक अधिकार नेतृत्व विकास सम्बन्धी ३ दिने अभिमूखीकरण जिल्लास्तर तालिम कार्यक्रमको लागि कार्यपत्र र कक्षा बापत १६०० को दरले भुक्तानी दिनुपर्नेमा कक्षा लिएबापत प्रतिकक्षा रु.२,०००।- को दरले र प्रशिक्षकलाई इन्धन खर्च दिनुपर्छ भन्ने निर्देशिकामा उल्लेख नभए पनि ईन्धन खर्च भनी रु.१२,८४५।- भुक्तानी लिएको देखियो। निर्देशिकामा उल्लेख भएभन्दा बढी भुक्तानी दिएको रकम रु.१५,९०५।- असुल गर्नुपर्दछ।

१२. **बढी भुक्तानी** - सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १४७ उपनियम (१) मा बोलपत्र मूल्याङ्कन समितिमा जम्मा ४ जना पदाधिकारी रहने व्यवस्था छ। कार्यालयले वातवरण मैत्री स्थानीय शासन कार्यक्रमबाट मूल्याङ्कन समितिको बैठकमा नियमले तोकेका पदाधिकारी बाहेक जम्मा २३ जना सहभागीलाई रु.५००।- का दरले रु.११,५००।- भुक्तानी गरेका पाइयो। नियम विपरीत खर्च गरेको रकम असुल गर्नुपर्दछ।

१३. **कार्यक्रम स्वीकृत नगरी खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ को उपनियम १ मा नगर परिषद्बाट स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने प्रावधान छ। कार्यालयले सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम अन्तर्गत स्वीकृत नभएको फ्लेक्स प्रिन्ट कार्यमा रु.३६ हजार भुक्तानी भएको छ। कार्यक्रम स्वीकृत नगरी गरेको खर्च नियमसंगत देखिएन।

१४. **टुक्रा खरिद** - सार्वजानिक खरिद नियामवली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाखभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्मबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था भएकोमा यस कार्यालयले उल्लेखित नियमको पालना नगरी संघीय संरचना विकास कार्यक्रमबाट टुक्रा गरी रु.३९,८२,९४८।- खरिद गरेका देखिन्छ। नियमको पालना हुनुपर्दछ।

१५. **यातायत खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम १९(३) बमोजिम सम्बन्धित कार्यालयले कोषको हिसाव गर्नुपर्ने हुन्छ। सोही आधारमा खर्च लेखिनुपर्दछ। नेतृत्व विकास सम्बन्धि तालिम संचालन समन्वय समितीको वैठकमा सहभागि भएबापत यातायात खर्च भनि विभिन्न व्यक्तिहरुले रु.१७,०००।- रकम बुझेको देखिन्छ। सहभागी कति कोष टाढाबाट सहभागी हुन आएको हो भन्ने कुरा खुलेन र सो रकम पाउने आधार पेश नभएकोले कर पछिको रकम रु.१४,४५०।- नियमसम्मत् देखिएन। त्यस्तै गरी नेतृत्व विकास सम्बन्धी तालिमको लागत अनुमानमा तालिम अनुगमन र यातायात खर्च भनी रु.१२,५००।- पारित गरे पनि सो शीर्षकमा अनुगमनमा रु.१०,०००।- र यातायात खर्च रु.१७,०००।- गरी रु.२७,०००।- खर्च गरेको पाइन्छ। लागत अनुमान स्वीकृतिभन्दा रु.१४,५००।- बढी खर्च गरेको नियमसम्मत् देखिएन।

१६. **ठेक्का बन्दोवस्त विवरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ। कार्यालयले यस नगर क्षेत्र पूवाधार विकास कार्याक्रम र नगरपालिका अनुदानतर्फका ४ वटा ठेक्काको विवरणलाई विश्लेषण गर्दा ४ वटा ठेक्का फागुन महिनामा अर्थात दोस्रो चौमासिकमा बन्दोवस्त गरेको छ। समयमा ठेक्का प्रक्रिया शुरु नगरेका कारण अन्तिम चौमासिकमा काम गर्ने प्रवृति देखिन्छ। त्यस्तै तल उल्लेखित ठेक्काहरु २७.५७ प्रतिशत ५९ देखि प्रतिशतले घटीले स्वीकार गरिएको छ। लागत अनुमानको तुलनामा ५९ देखि २७।५७ प्रतिशत घटीले कार्य स्वीकार गर्दा निर्माण व्यवसायीले तोकिएकै गुणस्तरमा कार्य सम्पन्न नगर्ने जोखिम रहन्छ। नियममा व्यवस्था भएबमोजिमकै समयमा ठेक्का बन्दोबस्त गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

१७. **जनसहभागिताको अंश** - आयतर्फ जनसहभागिताको अंश रु.१,३३,१५,१४५।१४ देखिए तापनि सोमध्ये कति खर्च भयो भनी विवरण प्राप्त नभएकोले यकिन हुन सकिएन। जनसहभागिताको छुट्टै खाता तयार गरी राख्नुपर्दछ।

१८. **हिसाब मिलान** - हिसाब मिलान भनी एकीकृत आ.वि.को व्ययतर्फ फिर्ता रकम रु.३९,९९९।७४ उल्लेख गरेको छ। छलफलको क्रममा सो रकम प्लान नेपालको निकासा आम्दानी र खर्च गर्दा बाँकी फिर्ता तथा हिसाब मिलान गर्दा दोहोरो परेको भन्ने जानकारी भयो। यस सम्बन्धमा आधार सहित स्पष्ट हुने गरी हिसाब मिलान गरिनुपर्दछ।

## साविक गा.वि.स. तर्फ

१९. **कर दाखिला** - आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टा गरिने व्यवस्था विपरीत जलकन्या गाविसलाई रु.४,५०,०००।- उपभोक्ता मार्फत काम लगाएको र डोजरको रकम भुक्तानी गर्दा १० प्रतिशत कर नकाटिएको रु.४५,०००।- दाखिला हुनुपर्दछ ।

२०. **विल भपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४(३) मा बिल भपाई राख्नुपर्ने व्यवस्था छ । पञ्चकन्या डक निर्माणलाई रु.६५,०००।- भुक्तानी गरेकोमो रु.२०,०००।- को बिल भर्पाई पेश नभएकोले उक्त रकमको भपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

२१. **विगत वर्षको पेश्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की लिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । त्यसै गरी निर्माण कार्य सम्बन्धी पेश्कीको हकमा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की भुक्तानी तथा फछ्र्यौट गर्ने व्यवस्था छ । कर्मचारी संस्था र निर्माण व्यवसायीको रु.९८,५८०।- विगत वर्षको पेश्की बाँकी रहेको देखिन्छ । नियमानुसार बाँकी रहेको पेश्की फछ्र्यौट गरिनुपर्दछ ।

२२. **आ.ले.प. बेरुजू** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । निम्न विभिन्न शीर्षकमा आ.ले.प.ले प्रतिवेदन गरिएको बेरुजू हालसम्म पनि फछ्र्यौट नगरेकोले सोको कारबाही फछ्र्यौट हुनुपर्दछ ।

२२.१. बैठक खर्च तोकिएकोमा यातायात खर्च भनी रु.१०,०००/- लिएको देखिएकोले खर्च समर्थन नदेखिएको ।

२२.२. मिति २०७३/१२/२२ मा बसेको बैठक खर्च यातायात खर्च भनी भुक्तानी गरेको र २०७३/११/१८ मा तालिम सञ्चालन प्रस्ताव स्वीकृतिको सि.नं.१६ मा प्रष्ट बैठक खर्च भनी उल्लेख भएकोले सो रु.४,५००/- र रु.५,५००। को जम्मा रु.१०,०००।- को १५ प्रतिशत कर कट्टी गर्नुपर्ने रु.१,५००।- बैक दाखिला गरेको नदेखिएको ।

२२.३. मिति २०७४/१/७ मा उज्जल विक्रम थापा मार्फत जनजाति लक्षित कार्यक्रम अन्तर्गत कम्प्युटर तालिमको भुक्तानी दिंदा २०७३/१०/२२ को स्वीकृति निर्णयको बूँदा नं.६ मा बैठक खर्च र ८ नं. बूँदामा तालिम अनुगमन खर्च उल्लेख भई पारित भएकोमा भुक्तानी दिदा रु.६,०००।- को १५ प्रतशित कट्टी नगरी यातायात खर्च भनी उल्लेख गरिएको ।

२२.४. मिति २०७४/२/१६ मा दलित जनजाति कार्यक्रमको भुक्तानी गर्दा मिति २०७४/१/३ मा बैठक बसी दलित कार्यक्रमतर्फ रु.१,५०,०००।- को कार्यक्रम स्वीकृत भएको र स्वीकृत टिप्पणीको बूँदा नं.१३ मा बैठक खर्च भनी प्रष्ट उल्लेख भएकोमा यातायात खर्च भनी समितिका सदस्यहरुले रु.१७,०००/- को करकट्टी रकम नियमानुसार बैंक दाखिला नगरेकोले सो रकम देहायको व्यक्तिले देहाय बमोजिमको रकम दाखिला गर्नुपर्ने देखिन्छ ।

२२.५. गत वर्षको विभिन्न व्यक्ति संस्था र उपभोक्ताको फछ्र्यौट हुन बाँकी रकम रु.५८,५८०/-देखिएको छ ।

२२.६. आर.डि.इन्जिनियरिङ्ग कन्सल्टेन्सी का.म.न.पा.वडा नं.४ धुम्बाराहीलाई विल्डिङ्ग फाइल तयार गर्न २०७४/१/७ मा तीस कार्यदिन अवधि राखी सम्फौता भएकोमा निजले २०७४/३/१६ मा भुक्तानी माग्दा कारोबार र बीजक जारी मिति नराखी रु.४,३८,९६०/- र भ्याट रु.५०,०३०/- गरी जम्मा रु.४,९६,०२५/- को भुक्तानी गरेको देखिएको र निजको कार्यअवधि समाप्त भई बीचमा म्याद थप समेत नदेखिएकोले खर्च पुष्टयाई गर्ने आधार नभएको ।

२२.७. मिति २०७४/३/१५ नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट भुक्तानी दिदाँ रु.२०,०००/- को १० प्रतिशतका दरले रु.२,०००।- को कर कट्टी नदेखिएको ।

२२.८. २०७४/३/१५ मा भुक्तानी रु.२७,००,९१०।- मा बहाल कट्टी रु.६,०९०।- बाहेक सामान ढुवानीमा बहाल कर कट्टी नदेखिएको, जे.सी.बी. प्रयोग गरेको १०,२००।- को बिल नभएको । त्यसमध्ये सोमा रु.४,११०/- घटी कर दाखिला गरेको देखिएको, चिसान भन्ज्याङ्ग बाँस कटेरी सिम्लेको इष्टिमेट गर्दा रु.४८,९८०।- को मेशिनबाट काम गर्ने भनी फाइनल इष्टिमेटमा उल्लेख भए तापनि नियमानुसार रु.४,८९८।- कर कट्टी नगरी भुक्तानी गएको देखिएयो ।

२२.९. मिति ०७३/९/१९ मा वडा नं ४ साखाजोर सुन्दरीजोडा खयरफेद सडक मर्मत कार्यको प्रथम विल भुक्तानी लिंदा अध्यक्ष हिरा लाल श्रेष्ठले एस्काभेटर प्रयोग गरि रु.११,०००।- को भर्पाइ पेश गरि भुक्तानी लिइएको देखिएकोले यथाशीघ्र प्यान/भ्याट विल पेश गरी १०% ले हुन आउने रु.११००।- बहाल कट्टी गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

२२.१०. नगर सभा सञ्चालन खर्च रु.४,१८,५००।- स्वीकृत भई वातावरण शाखाका खरिदार श्री छत्र बहादुर घिसिङ्गबाट रु.२,००,०००।- पेश्की लिई कार्यक्रम सञ्चालन गरेको देखिएकोले सो कार्यक्रम सञ्चालन गर्दा निज कर्मचारी मिति २०७४/३/२३ देखि ३/२९ सम्म काठमाण्डौ काज भई गएको देखिएकोमा मिति २०७४/३/२७ मा सभामा उपस्थित भई दुई दिनको भत्ता बापत रु.१,७००।- भुक्तानी लिएको देखिएको साथै निजले दै.भ.भ्र. बापत रु.९,१००।- पनि भुक्तानी लिएको देखिएको हुदाँ निजबाट नियमानुसार दैनिक भ्रमण भत्ता रकम फिर्ता गर्नुपर्ने देखिन्छ ।

२२.११. एम.सी.पी.एममा उत्कृष्ट ७ औंभित्र पर्न सफल भएवापत मन्त्रालयको निर्णयानुसार कार्यालयलाई प्रोत्साहन स्वरुप रु.१,२५,०००।- शशि थापाबाट पेश्की लिई वितरण गरेको दखिएको ।

२२.१२. मिति २०७४/१/१७ मा ऐतिहासिक सिन्धुली गढी सरसफाई कार्यक्रमको लागि न.पा.बाट रु.१,८५,०००।- स्वीकृत भएकोमा रु.२,००,०००।- पेश्की खरिदार छत्र बहादुर घिसिङ्गबाट लगेको देखिएको र पेश्की फछ्यौंट गर्दा अग्रिम आय कर कट्टी वापत रु.२,७००।- कर कट्टी नगरी भुक्तानी देखिएकोले स्वीकृत कार्यक्रमभन्दा बढी खर्च भएको रु.१५,०००।- समर्थन गर्ने आधार नभएको ।

२२.१३. मिति २०७३/३/१ मा सडक किनारा तथा खाली जग्गामा विरुवा रोप्न पेश्की लिई खर्च गर्दा न.पा.बाट रु.२,२५,०००।- र उपभोक्ता समितिबाट व्यहोर्ने गरी रु.२५,०००।- गरी जम्मा रु.२,५०,०००।- को कार्यक्रम रहेकोमा देहायको कर कट्टी नदेखिएको, भाडा बापत रु.४,०००।- को १० प्रतिशत कर कट्टी नगरेको, इष्टिमेटमा उल्लेख भएको शीर्षक अनुसार खर्च नगरेको देखिएको, भ्याट बिल रु.१,१८,९००/- भ्याट रु.२३,२५७/- को भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने देखिएको ।

२२.१४. फोहोर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र कार्यक्रमबाट ललित बहादुर बिसंखेले खानेपानीको इनार निर्माण कार्य सम्पन्न गरी प्राविधिक प्रतिवेदन अनुसार रु.२२,०००।- भुक्तानी हुनुपर्नेमा रु.२५,०००।- भुक्तानी भएको देखियो । बढी रकम रु.३०००।- असुल हुनुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.१ करोड ७४ लाख ६१ हजार कूल बेरुजू देखिएको छ । सोमध्ये असुल गनुपर्ने रु.१० लाख ३० हजार, नियमित गर्नु पर्ने रु.१ करोड ६३ लाख ३३ हजार र पेश्की रु.९८ हजार रहेको छ ।